आज मिति २०८२ साल जेठ महिनाको ०५ गतेका दिन लुङ्ग्री गाउँपालिकाका अध्यक्ष श्री भरत कुमार थापाज्यूको अध्यक्षतामा यस लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालय भवनमा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहायका पदाधिकारीहरूको उपस्थितिमा तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायका निर्णय गरियो।

समयः बिहान १०:०० बजे बैठक नं. १७औं

उपस्थितिः

| सि.नं | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत कुमार थापा | गा.पा. अध्यक्ष | |
| २ | श्री दिल कुमारी गुरुङ | गा.पा. उपाध्यक्ष | |
| ३ | श्री गणेश पुन | सदस्य | |
| ४ | श्री अमृत घर्ति मगर | सदस्य | |
| ५ | श्री नेम बहादुर खड्का क्षेत्री | सदस्य | |
| ६ | श्री विरबल खड्का | सदस्य | |
| ७ | श्री रिख बहादुर रोका | सदस्य | |
| ८ | श्री जोख बहादुर बुढाथोकी | सदस्य | |
| ९ | श्री हिरा बहादुर पुनमगर | सदस्य | |
| १० | श्री गौमा बिष्ट क्षेत्री | सदस्य | |
| ११ | श्री इशा वि.क. | सदस्य | |
| १२ | श्री चन्द्रमा खड्का | सदस्य | |
| १३ | श्री दिल कुमारी गुरुङ पुनमगर | सदस्य | |
| १४ | श्री छविलाल कामी | सदस्य | |
| १५ | श्री पवित्रा कामी | सदस्य | |
| १६ | श्री चक्र बहादुर घर्ती | सदस्य सचिव | |
| सहयोगी कर्मचारीहरू : | | | |
| १७ | श्री सुन्दर बहादुर घर्ती | रोजगार संयोजक | |
| १८ | श्री गगन खड्का | इन्जिनियर | |
| १९ | श्री निमराज सुवेदी | लेखापाल | |
| २० | श्री गणेश बहादुर बिष्ट क्षेत्री | स्टोर प्रमुख | |
| २१ | श्री भक्ते वानिया | कार्यालय सहयोगी | |
| २२ | श्री महादेव गुरुङ | कार्यालय सहयोगी | |

लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## १७औं (सत्रौं गाउँ कार्यपालिका बैठकका निर्णयहरुः

(मितिः २०८२/०२/०५)

| निर्णय नं | विषय | विषयको संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | भू-उपयोग नीति, २०८२ को मस्यौदाको प्रस्तुतिकरण सम्बन्धमा । | लुङ्ग्री गाउपालिकाको “भू-उपयोग नीति, २०८२” को मस्यौदा तयार भएको छ, सो सन्दर्भमा उक्त मस्यौदा प्रस्तुतिकरणका लागि प्रस्ताव पेस गर्न आबस्यका भएको । | लुङ्ग्री गाउँपालिकाको “भू-उपयोग नीति, २०८२” को मस्यौदाको प्रस्तुतिकरण उपर वृहत छलफल गरि पारित गर्ने । | “भू-उपयोग नीति, २०८२” पारित गरियो । |
| २ | १५ शैय्या अस्पतालको विस्तृत परियोजना प्रतिवेदन सम्बन्धमा । | १५ शैय्या अस्पतालको विस्तृत परियोजना प्रतिवेदनको मस्यौदा तयार भएको छ, सो सन्दर्भमा उक्त पारितका लागि प्रस्ताव पेस गर्न आवश्यक भएको । | लुङ्ग्री गाउँपालिकाको १५ शैय्या अस्पतालको विस्तृत परियोजना प्रतिवेदनको मस्यौदा छलफल गरि पारित गर्ने । | विस्तृत परियोजना प्रतिवेदनपारित गरियो। |
| ३ | नीति कार्यक्रम र बजेट निर्माण कार्यसूची तयार सम्बन्धमा । | आ.ब.२०८२/०८३ को वार्षिक नीति तथा बजेट निर्माणको लागि कार्यसुची तयार गर्नका लागि प्रस्ताव पेस गर्न आवश्यक भएको । | आ.ब. २०८२/०८३ को वार्षिक नीति तथा बजेट निर्माणको लागि देहाय बमोजिमको कार्यसुची तयार गर्नेः | “पेश भए बमोजिम प्रस्ताव पारित गर्ने” निर्णय गरियो । |

देहायः

| क्र.सं. | कार्यक्रम | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | वार्षिक नीति तथा कार्यक्रम पेस | २०८२/०२/१८ | किलाचौर | |
| २ | वार्षिक नीति तथा कार्यक्रम पेस तथा आर्थिक ऐन तथा वार्षिक बजेट पेस | २०८२/०३/०५ | किलाचौर | |
| ३ | वार्षिक बजेट स्वीकृत | २०८२/०३/२७ | किलाचौर | |

| निर्णय नं | विषय | विषयको संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ४ | विविध सम्बन्धमाः | | | |
| ४.१ | राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा । | राजश्व परामर्श समितिको प्रतिवेदन प्राप्त भएको छ, सो सन्दर्भमा उक्त प्रतिवेदन अनुमोदनका लागि प्रस्ताव पेस गर्न आवश्यक भएको । | राजश्व परामर्श समितिबाट प्राप्त प्रतिवेदन उपर छलफल गरि पारित गर्ने । | “पेश भए बमोजिम प्रस्ताव पारित गर्ने” निर्णय गरियो । |
| ४.२ | प्र.अ. नियुक्ति गर्ने सम्बन्धमा । | प्र.अ. नियुक्तिका लागि शिक्षा ऐनको व्यवस्था भएको, नियमानुसार प्र.अ. नियुक्तिका गर्नका लागि प्रस्ताव पेस गर्न आवश्यक भएको । | लुङ्ग्री गाउँपालिका भित्र रहेका केही विद्यालयहरूमा ऐन विपरीत प्र.अ. नियुक्ति भएको जानकारी प्राप्त भएकोले शिक्षा ऐन बमोजिम विद्यालय प्र.अ. नियुक्ति गर्ने प्रक्रिया अगाडी बढाउन विद्यालयलाई पत्राचार गर्ने । | नियुक्ति प्रक्रिया का लागि पत्राचार गर्ने, निर्णय गरियो । |

भरत कुमार थापा
गा.पा.अध्यक्ष

लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## १७औं (सत्रौं गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

(मितिः २०८२/०२/०५)

| निर्णय नं | विषय | विषयको संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ४.३ | श्री शहीद स्मृति प्रा.वि.को जग्गा प्राप्ति सम्बन्धमा । | लुङ्ग्री गाउँपालिका वडा नं ४ को वडा कार्यालयको मिति २०८२/०१/१४ गतेको वडा समितिको निर्णय भएको । सो सन्दर्भमा उक्त जग्गा रजिस्ट्रेसन पासका लागि कार्यपालिकामा पेस गर्न आबस्यक भएको । | लुङ्ग्री गाउँपालिका वडा नं ४ को वडा कार्यालयको मिति २०८२/०१/१४ गतेको वडा समितिको बैठकको निर्णयानुसार लुङ्ग्री गाउँपालिका वडा नं ४ (साबिकको सिर्प गाविस वडा नं ०७) बस्ने श्री लिले खड्काको नाममा मालपोत कार्यालय, रोल्पामा दर्ता श्रेस्ता कायम रहेको कित्ता नं ६०१ बाट ११७० क्षेत्रफल मध्ये ९७० व.मि. क्षेत्रफल उत्तर तर्फको जग्गा स्थानीय भद्र, भलादमी, देउसी भैलो समूह तथा स्थानीयहरूद्वारा आर्थिक संकलन गरि जग्गाधनी श्री लिले खड्काबाट रु. ५०९,२५०/-(अक्षरेपि पाँच लाख नौ हजार दुइ सय पचास) मा विद्यालयको नाममा खरिद गरिएको हुँदा उक्त जग्गा रजिस्ट्रेसन पासका लागि श्री शहीद स्मृति प्राथमिक विद्यालय, लुङ्ग्री ४ रोल्पाको नाममा रजिस्ट्रेसन पासका लागि लुङ्ग्री गाउँपालिकामा कार्यरत शिक्षा शाखा प्रमुख भेष बहादुर बिष्टलाई प्रतिनिधिको रूपमा खटाई पठाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। |
| ४.४ | रोल्पा प्लसको सम्झौता सम्बन्धमा । | रोल्पा प्लस द्वारा सम्झौताको लागि निवेदन प्राप्त भएको छ, सो सन्दर्भमा सम्झौताको लागि प्रस्ताव पेस गर्न आवश्यक भएको । | रोल्पा प्लस द्वारा सम्झौताको लागि निवेदन प्राप्त भएको र लुङ्ग्री गाउँपालिका भित्र रहेको HIV Positive बिरामीहरूलाई पोषण खर्च बापत बजेटको समेत सुनिश्चितता भएकोले रोल्पा प्लस सँग द्विपक्षीय सम्झौता गरि भुक्तानी दिने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। |
| ४.५ | वास प्लानको रिपोर्ट सम्बन्धमा । | वास प्लानको रिपोर्ट तयार भएको छ, सो सन्दर्भमा उक्त रिपोर्टलाई क्रमिक रुपमा अद्यावधिकका लागि पेस गर्न आवश्यक भएको । | लुङ्ग्री गाउँपालिकाको खानेपानी तथा सरसफाई तथा स्वच्छता योजना (Wash Plan) को प्रतिवेदन तयार भएकोले उक्त प्रतिवेदन अनलाइन प्रणालीमा अद्याबधिक गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। |



भरत कुमार थापा
गा.पा.अध्यक्ष

लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## १७औं (सत्रौं गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

(मितिः २०८२/०२/०५)

निर्णय पुस्तिकि

| निर्णय नं | विषय | विषयको संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ४.६ | **निशुल्क बिशेषज्ञ स्वास्थ्य शिविरको खाना/खाजा/ यातायात खर्च सम्बन्धमा ।** | निशुल्क बिशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन भएको छ, सो सन्दर्भमा उक्त शिविरमा खाना/खाजा/यातायात खर्च वापत को रकम उपलब्ध गराउन प्रस्ताव पेस गर्न आवस्यक भएको । | निशुल्क बिशेषज्ञ स्वास्थ्य शिविरमा खाना/खाजा वापतको खर्च उपलब्ध गराउन प्रस्ताव पेस गरिएको प्रस्ताव बमोजिम शिविरमा खटिएका विशेषज्ञ सहितको टिमले खाएको खाना/खाजा खर्च तथा शिविरमा खटिएका गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा स्वास्थ्य कर्मीहरुलाई यातायात वापतको खर्च उपलब्ध गराउने । | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४.७ | **गा.पा. अनुदान शिक्षकको दरवन्दि मिलान मस्यौदा समिति गठन सम्बन्धमा।** | लुङ्ग्री गाउँपालिकामा गा.पा. अनुदान शिक्षकहरु कार्यरत रहेका छन्, सो सन्दर्भमा गा.पा.अनुदान शिक्षक दरवन्दी मिलानका लागि कार्यविधि निर्माणार्थ प्रस्ताव पेस गर्न आवश्यक भएको । | लुङ्ग्री गाउँपालिकामामा कार्यरत गा.पा. अनुदान शिक्षकहरुको दरवन्दी मिलानका लागि कार्यविधि निर्माण गर्न आवश्यक भएकोले देहायको पदाधिकारी रहने गरि ३ सदस्यिय मस्यौदा समिति गठन गर्नेः<br>(क) हिरा बहादुर पुन - संयोजक<br>(ख) डोर बहादुर रोका - सदस्य<br>(ग) भेष बहादुर बिष्ट - सदस्य सचिव | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४.८ | **भू-उपयोग कार्यविधि, २०८२ सम्बन्धमा ।** | **"भु-उपयोग कार्यविधि, २०८२"** को मस्यौदा तयार भएको छ, सो सन्दर्भमा कार्यविधि पारितका लागि प्रस्ताव पेस गर्न आवश्यक भएको । | **"भु-उपयोग कार्यविधि, २०८२"** को अन्तिम मस्यौदा तयार भएकोले वृहत छलफल गरि पारित गर्ने । | "भुउपयोग कार्यविधि, २०८२" पारित गर्ने। |

भरत कुमार थापा
गा.पा.अध्यक्ष